# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, मंसीर १३ गते २०३४ साल [संख्या ३२

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उखडा समस्या समाधान गर्न लुम्बिनी अञ्चलका देहायका जिल्लाहरूमा देहायका अध्यक्ष तथा सदस्यहरू भएको २ दुईवटा उखडा समिति गठन गरेको छ।

(१) रूपन्देही जिल्लाको लागिः–

(१) अञ्चल न्यायाधीश, श्री पुष्पप्रकाश पिंडाली – – – – अध्यक्ष
(२) प्रमुख जिल्ला अधिकारी, रूपन्देही – – – – – सदस्य
(३) भूमि प्रशासक रूपन्देही – – – – – – – – सदस्य

(२) नवलपरासी र कपिलबस्तु जिल्लाको लागि :–

(१) अञ्चल न्यायाधीश, श्री उमानिधि तिवारी – – – – – अध्यक्ष
(२) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी – – – – सदस्य
(३) सम्बन्धित जिल्लाका भूमि प्रशासक – – – – – – सदस्य

(३) उक्त दुवै समितिको अवधि तोकिएको जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले ६ (छ) महीनाको हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उक्त दुवै समितिलाई देहायबमोजिम अधिकार प्रदान गरिएको छ ।

(क) उखडासम्बन्धी ऐन, २०२१ को दफा ७ बाहेकका अन्य दफाहरू उक्त समितिले प्रयोग गर्न पाउनेछ ।

(ख) उखडा जग्गाधनीहरूले पाउने क्षतिपूर्तिको व्यवस्था मिलाउने ।

(ग) उखडा जग्गाको खास दायित्व भएको जग्गाधनी पत्ता लगाउने ।

(घ) उखडा जग्गाको क्षतिपूर्ति पाउने व्यक्तिको छानबिन गरी यकीन गर्ने ।

(ङ) जग्गाधनी तथा मोहीको लगत बनाई सम्बन्धित जिल्लाको भूमि प्रशासन कार्यालयमा पठाउने र सो लगतबमोजिम तोकिएको अधिकार भित्र रही कार्यान्वियन गर्ने ।

(च) क्षतिपूर्ति पाउने व्यक्तिहरूको नामावली तथा पाउने अंक समेत खोली सूची तयार गरी सम्बन्धित जिल्लाको कोष तथा तहसील कार्यालयमा पठाउने ।

खण्ड २६ मिति २०३३।११।३ संख्या ४३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित उखडा समिति गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।